# बाल न्यायमा अनुसन्धान/ अभियोजनका कमजोरी र सुधारका पक्षहरु

प्रकाश मरासिनी
जिल्ला न्यायाधिवक्ता

# बालन्यायसम्बन्धी अवधारणा

- सामान्य अर्थमा बालबालिकाले गरेको बिजाइका सम्बन्धमा कारवाही गर्न वा बालवालिकाको आचरण र व्यवहारलाई नियमित गर्ने उदेश्यले स्थापित परम्परागत फौजदारी न्याय प्रणाली भन्दा छुट्टै न्याय प्रणाली हो।
- यस अन्तर्गत बाल बिज्याइ कर्तासँग सम्बन्धित कुरामा व्यवस्थित गर्ने उदेश्यले स्थापित सबै निकाय पर्दछन।
- राज्यले कानून र व्यवस्था कायम गर्ने सिलसिलामा कानून उल्लंघन गर्ने हरुलाई दण्ड सजाय दिने कार्य मात्र नगरी बाटो बिराएकाहरुलाई सत्मार्गमा ल्याउने भूमिका पनि निर्वाह गर्नुपर्छ भन्ने मान्यतामा विकसित भए सँगै बाल न्यायको अवधारणा पनि विकास भएको पाइन्छ ।

# के हो त बालबिज्याई ?
## (कानुनको विवादमा परेका बालबालिका)

- बालबिज्याइँ भन्नाले राज्यको बालबालिका सम्बन्धी कानूनले निषेध गरेको क्रियाकलापलाई बुझिन्छ।
- बाल बिज्याइँका सबै क्रियाकलापहरु उपर बाल अदालतको क्षेत्राधिकार कायम रहन्छ।
- **यस्ता बालविज्याइँ दुई प्रकारका हुन्छन।**
- बयष्कले गर्दा अपराध मानिने क्रियाकलापहरुः-यस समूहका अपराधमा बालबालिकाले गर्ने त्यस्ता क्रियाकलापहरु पर्दछन जुन वयष्कहरुले गर्दा पनि अपराध मानिन्छन। यस्ता अपराधहरु उपर बाल अदालत र वयष्क अदालत दुवैले समान रुपमा क्षेत्राधिकार रहन्छ। जस्तै चोरी, डाँका, ज्यान आदि।
- वयष्कले गर्दा अपराध नमानिने क्रियाकलापहरुः-यस समूहका अपराधहरुमा बालबालिकाको हैसियतले गरिने क्रियाकलापहरु पर्छन। जुन क्रियाकलापहरु वयष्कले गर्दा अपराध नमानिने तर बालबालिकाले गर्दा मात्र अपराध मानिने खालका हुन्छन। जस्तै मादक पदार्थको गैरकानूनी खरिद र सेवन, धुम्रपान सेवन, अभिभावकको नियन्त्रणमा नरहने, विद्यालयबाट विना अनुमति अनुपस्थित रहने भाग्ने आदि।

# बाल न्याय सम्बन्धी अधारभुत सिद्धान्तहरु
## (अनुसन्धान, अभियोजन र सुनुवाई)

- कानूनको द्वन्दमा परेका बालबालिकालाई उनिहरुबाट हुन गएको कसूर जन्य कार्य बापत कारबाही हुँदा त्यस्ता बालबालिकाको बाल अधिकार प्रत्याभूती गराउँदै अन्य कसूरदार भन्दा फरक व्यवहार गरी विवादको निरोपण गर्नु पर्ने आधारभूत सिद्धान्तहरुः-

✓ अभिभावकत्वको सिद्धान्त

✓ सर्वोत्तम हितको सिद्धान्त

✓ पृथकिकरणको सिद्धान्त

✓ भेदभाक रहितको सिद्धान्त

# क्रमश

- ✓पारिवारिक दायित्वको सिद्धान्त
- ✓गोपनियताको अधिकारको सिद्धान्त
- ✓सकरात्मक उपयोगको सिद्धान्त
- ✓अधिकार त्याग गरेको नमानिने सिद्धान्त
- ✓अन्तिम विकल्पको सिद्धान्त
- ✓नयाँ सुरुवातको सिद्धान्त
- ✓सुरक्षाको सिद्धान
- ✓जीवन जिउन पाउने र विकासको सिद्धान्त
- ✓सुनुवाई तथा सहभागिताको सिद्धान्त

# बालबालिकाको आपराधिक दायित्व

अपराध संहिताको दफा ४५ तथा बालबालिका सम्बन्धी ऐनको दफा ३६ बमोजिम बालबालिकाको आपराधिक दायित्व देहाय बमोजिम हुने:-

| बालबालिकाको उमेर | आपराधिक दायित्व |
|---|---|
| १० वर्षभन्दा कम | सजाय नहुने |
| १० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम | • जरिवाना हुने कसूर गरेको भए सम्झाइ बुझाई छाडिने<br>•कैद हुने कसूर गरेको भए ६ महिनासम्म कैद गर्ने वा १ वर्षसम्म बालसुधार गृहमा राखिने । |
| १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा कम | उमेर पुगेको कसूरदारलाई हुने सजायको आधा सजाय । |
| १६ वर्ष वा सोभन्दा माथि र १८ वर्ष वा सोभन्दा कम | उमेर पुगेको कसूरदारलाई हुने सजायको दुई तिहाई सजाय |

# कानुनको विवादमा परेका बालबालिकाको अनुसन्धान/अभियोजनको क्रममा देखिएका समस्या र समाधाहरु

- तालिम प्राप्त अनुसन्धान अधिकृतबाट अनुसन्धान,
- गोपनीयता कायम गर्ने,
- बाल बालिका सँग उमेर पुगेको व्यक्ति पनि कसूरदार भएमा मुद्दालाई अलग गरी अनुसन्धान गर्न
- उपचार, उद्धार र मनोसामाजिक परामर्शको लागि प्रभावकारी भूमिका,
- सजायको मात्र अनुसार दिशान्तर गर्ने,
- निगरानी कक्षमा नराखी अनुसन्धान,
- सोधपुछ (बयान) गर्दा स्वतन्त्र वातावरण निर्माण गर्ने,

# क्रमश

- कसूरमा साबिती हुन प्रेरीत नगर्ने,
- परिणामको जानकारी दिने,
- निगरानी कक्षको व्यवस्था बालअनकुल भए नभएको
- घर परिवार सँगको भेटघाटको प्रबन्ध मिलाउने,
- हतकडी प्रयोगको नगर्ने,
- उमेर निर्धारण सम्बन्धमा बालबालिका सम्बन्धी ऐन नियमावलीले निर्धारण गरे बमोजिम गर्ने,
- सर्वोत्तम हितलाई केन्द्रबिन्दुमा राखी निर्णय गर्ने,
- बालबालिका उपरको खानतलासी,
- बाल इजलासमा सुनुवाइ गर्ने गरी अभियोगपत्र दायर,
- पीडितलाई क्षतिपूर्ति भराउने गरी आधार कारण सहितको दावी,

# बालबालिका विरुद्ध हुने कसूरको अनुसन्धान र अभियोजन

## क.बाल हिंसा सम्बन्धी कसूर

- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ (२) बमोजिमका कसूर जस्तैः- धुम्रपान, मध्यपान, जुवा तास, शारीरिक, मानसिक यातना दिने, राजनीतिमा प्रयोग गर्ने, हतकडी लगाउने, जादु सर्कस........

## ख. बाल यौन दुर्व्यवाहार सम्बन्धी कसूर

सोही ऐनको दफा ६६(३) बमोजिमका कसूरमा यौन जन्य क्रियाकलाप र यौन दुर्व्यवाहार जस्तै अश्लील चित्र समाग्री देखाउने, यौनजन्य प्रस्ताव र क्रियाकलापृ गर्ने, यौन सन्तुष्टी लिने, वेश्यावृतिमा लगाउने...........

# क्रमश

ग. अपराध संहितामा उल्लिखित कसूर जस्तैः- जबरजस्ती करणी, अपहरण शरीर बन्धक, बाल विवाह, बाल शिशु हत्या.......

घ. बिशेष ऐन अन्तर्गतका कसूर जस्तैः- बाल श्रम, ओसार पसार अन्य........

# अनुसन्धान र अभियोजनमा ध्यान दिनु पर्ने कुराहरु

- बुझ्ने भाषामा जानकारी
- सहभागीता र संलग्नता
- परिचय गोप्य राख्ने
- पीडकबाट मनासिब क्षतिपूर्तिको छलफल र दाबी
- निशुल्का कानूनी सहायता
- भाषा नबुझिएमा निशुल्क दोभाषेको व्यवस्था
- कागजातहरुको उपलब्धता
- पीडक र निजका आफन्त पक्षबाट सुरक्षाका प्रत्याभूति
- बन्द इजलासम आफ्नो भनाई राख्न पाउने वातावरण

# दिशान्तर सम्बन्धी कानुनी व्यवस्था

- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७

| दिशान्तर गर्ने निकाय | बिगो | जरिबाना | कैद |
|---|---|---|---|
| अनुसन्धान अधिकारी | ५०००/- सम्म | २०००/- सम्म | १ महिना सम्म |
| सरकारी वकील | १००००/- सम्म | ५०००/- सम्म | ३ वर्ष सम्म |
| बाल अदालत | नतोकिएको | नतोकिएको | ३ वर्ष सम्म |

नोटः- कार्यविधिको प्रयोग बाल न्याय सम्पादन (कार्यविधि) नियमावली,२०७६ बमोजिम हुने ।

# दिशान्तर सम्बन्धी व्यवस्था

- मुद्दा मामिलाको सन्दर्भमा नाबालकसँग कागज गराउनुपर्दा संरक्षक वा हकवालाको रोहवर आवश्यक हुने ।
- मुद्दाको पुर्पक्ष गर्दा कारागारमा राख्न नहुने ।
- बालबालिकालाई सजाय गर्दा वयष्कलाई भन्दा कम सजाय हुने ।
- बालबालिका संलग्न कसूरको अनुसन्धान गर्दा हिराशतमा नराखि बालसुधार गृह वा अभिभावकको जिम्मा लगाउने वा निर्धारित सजाय स्थगन गर्न सकिने ।

# दिशान्तर गर्दा अन्य उपयुक्त प्रक्रिया अवलम्बन गर्नुपर्ने

- पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने
- बालबालिकालाई गल्ती महसूस गर्न लगाउने
- बालबालिका र निजको परिवारलाई आवश्यक परामर्श दिने ।
- कुनै सामुदायिक सेवामा पठाउने ।
- हेरचाह र संरक्षण गर्न कुनै संस्थामा पठाउने ।
- बाल कल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी बालबालिकालाई छाड्ने
- कुनै तालीम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने ।
- अध्ययन र विश्लेषण गर्न लगाई प्रतिवेदन लिनु पर्ने र दिशान्तर गरेको जानकारी आफ्नो माथिल्लो निकाय र बाल अदालतलाई दिनु पर्ने व्यवस्था समेत छ ।

# बालन्यायसम्बन्धी संयन्त्रहरु

- अन्तरराष्ट्रिय संयन्त्रहरु
  - बाल अधिकार सम्बन्धी महासन्धी, १९८९, सशस्त्रद्वन्दमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बालअधिकार सम्बन्धी महासन्धीको स्वेच्छिक प्रोटोकल, २०००, बालबालिकाको वेचविखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकार सम्बन्धी महासन्धीको स्वेच्छिक प्रोटोकल, २०००
  - वाल न्याय प्रशासन सम्बन्धी न्यूनतम मापदण्डका नियमहरु (बेइजिङ नियम), १९८५, बाल दुराचार निवारण सम्बन्धी मार्गदर्शन (रियाद मार्गदर्शन), १९९०, वतन्त्रताबाट बन्चित बालबालिकालाई संरक्षण गर्ने संयुक्त राष्ट्रसंघीय नियमहरु (जेडिएल नियम), १९९०, थुनाबाहेकको उपाय अवलम्वन गर्ने संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डसम्बन्धी नियमहरु (टोकियो नियम), १९९०
- राष्ट्रिय संयन्त्रहरु
  - नेपालको संविधान (बालबालिकाको हक)
  - संहिताहरु, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५
  - नीतिहरु (पन्ध्रौ योजना २०५ पेज, पन्ध्रौं योजनाको मध्यावधी समीक्षा ८७/८८ पेज)

# बालन्याय प्रशासनसम्बन्धी संस्थागत प्रयास

- महिला, बालबालिका मन्त्रालय ,
- बाल प्रहरी (महिला तथा बालबालिका प्रहरी शाखा),
- महान्यायाधिवक्ताको कार्यालय ,
- बाल अदालत वा बाल ईजलास ,
- बाल सुधारात्मक गृहहरु ,
- बालमनोबैज्ञानिक र समाजसेवी,
- बालन्याय समन्वय समिति
- सामुदायिक संस्थाहरु
- गैर सरकारी संस्थाहरु

# बालन्यायको प्रवर्द्धनमा अदालतको भुमिका......

## तिलोत्तम पौडेल विरुद्ध गृह मन्त्रालयसमेत सम्बत् २०५७ सालको रि.पु.इ.नं. १७४, आदेश मिति २०५८।४।२५

- रिट निवेदक र लिखित जवाफमा लिइएका जिकीरहरु प्रचलित नेपाल कानुन र कानुन सरह मान्यता पाउने नेपाल पक्ष रहेको बाल अधिकार सम्बन्धी महासन्धि १९८९ समेतको परिप्रेक्ष्यमा प्रस्तुत विवादको निरुपण हुनुपर्ने ।
- बालअधिकार सम्बन्धी महासन्धि 1989 लाई नेपालले अनुमोदन गरेको भएतापनि उक्त महासन्धि अनुमोदन गरेपछि संसदद्वारा निर्माण गरिएको बालबालिका सम्बन्धी ऐन २०४८ मा भएका व्यवस्थाहरु समान र एकै रुपको देखिन आएन ।
- नेपालद्वारा अनुमोदित बाल अधिकार सम्बन्धी महासन्धिको धारा १५(१) ले बालबालिकाहरुको संगठन खोल्ने अधिकार र शान्तिपूर्वक भेला हुने अधिकार सुनिश्चित गरेको ।
- नेपाल सन्धि ऐन २०४७ को दफा ९(१) अनुसार नेपाल पक्ष रहेको उपरोक्त सन्धि प्रचलित नेपाल कानुनसँग बाझिएकै स्थितिमा पनि उपरोक्त सन्धि कै प्रावधान प्रभावकारी हुने देखिएको ।

# बालन्यायको प्रवर्द्धनमा अदालतको भुमिका......

**बब्लु गोडियाको हकमा आशिष अधिकारी बि. बाँके जि.अ.समेत, २०५७ को रिट नं.३३९०,बन्दीप्रत्यक्षीकरण,२०५७।२।२**

- १६ बर्ष उमेर नपुगेका बब्लुलाई डाका मुद्दामा अ.बं.११८(२) नं.बमोजिम पूर्पक्षको लागि कारागारमा थुनामा पठाएको,
- बालवालिका ऐनको दफा ४२(२) को बिपरीत हुंदा थुना मुक्त गर्ने,
- पूर्पक्षको लागि थुनामा राख्नुपर्ने अवस्थामा बालसुधार गृहमा राख्न लगाउने ब्यवस्था गर्नु ।

- **आशिष अधिकारी  विरुद्ध श्री ५ को सरकार गृह मन्त्रालय समेत २०५७ सालको रिट नं. ३३९१**

- नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अनुबन्ध (ICCPR) को धारा १०(३) बमोजिम बाल विज्याईकर्ता (Juvenile Offenders) हरूलाई उमेर पुगेकाबाट छुट्टै राखि बालकहरूको उमेर र कानूनी हैसियत अनुसारको आवश्यक व्यवस्था गर्नुपर्ने ।
- नेपालले CRC का प्रावधानहरूका दायित्व परिपालन गर्नुपर्ने नै हुँदा बालबालिकाको सर्वोत्तम हितको संरक्षण र सम्वर्द्धन गर्न आवश्यकीय प्रक्रियाहरू लागू गरी प्रयोग र परिपालन गर्ने व्यवस्था अविलम्ब मिलाउने ।

# बालन्यायको प्रवर्द्धनमा अदालतको भुमिका......

- **रिदमा विष्ट वि. जिल्ला सरकारी वकिल कार्यालय झापा समेत (०७९-WF-०००२)**
- बालबालिका सम्बन्धी ऐन २०७५ को दफा २४ को उपदफा (३) को प्रतिवन्धात्मक व्यवस्था अन्तरगत सर्त तोकि बाबु आमा वा संरक्षकको जिम्मा लगाइएको अवधिलाई सम्म पछि फैसला हुँदा कसूरवापत सुधार गृहमा बस्नुपर्ने अवधिमा कटाउन मिल्ने।

# समग्रमा बाल न्यायको चूनौति र भावी कार्यदिशा

- छुट्टै वाल अदालतको स्थापना, वाल इजलास,
- वाल न्याय कार्यविधि,
- न्यायाधीश, कर्मचारी, सरकारी वकील, प्रहरीमा वाल न्यायप्रतिको दृष्टिकोण, सचेतता र क्षमता,
- वालमैत्री पूर्वाधार (अदालत, अनुसन्धान अभियोजन, वाल सुधार गृह),
- वाल इजलासमा रहने समाजसेवी र वाल मनोविज्ञको सुविधा र परिचालन,
- नियमन, अनुगमन र समन्वय,
- संरचना र पद्धति,
- परिवारको सहयोग र समन्वय
- नीति, कानून र व्यवहारवीचको भिन्नता
- जवाफदेही र जिम्मेवार निकायको अभाव ।

# बालबालिकाको हकमा प्रयोग गरिने शब्दावलीहरु

| | |
|---|---|
| प्रतिवादी | कानूनको विवादमा परेको बालक/बालिका |
| अपराध | कसूरजन्य कार्य |
| हिरासत | निगरानी कक्ष |
| पक्राउ | नियन्त्रणमा लिने |
| बयान | सोधपुछ |

# हाम्रो प्रण र आजको प्रतिवद्धता !!!

बालबालिकालाई हिंसा, शोषण, दुर्व्यवहार, उपेक्षा र बाल अपराधबाट जोगाउन हामी कार्यरत छौं र रहनेछौं।

# धन्यवाद !!!